# राजर्षिजनक विश्वविद्यालय

# जनकपुरधाम

सहायक डीन पदमा नियुक्तिका लागि सिफारिस सम्वन्धि कार्यविधि, २०८१

**राजर्षिजनक विश्वविद्यालय**

**केन्द्रीय कार्यालय , जनकपुरधाम**

**धनुषा, २०८१**

# राजर्षि जनक विश्वविद्यालय

## सहायक डीन पदमा नियुक्तिका लागि सिफारिस सम्वन्धि कार्यविधि, २०८१

**प्रस्तावना**

राजर्षि जनक विश्वविद्यालयका संकायहरुको प्रशासनिक तथा शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सहायक डीनको नियुक्ति आवश्यक छ । यस कार्यविधिले सहायक डीनको छनोट, नियुक्ति प्रक्रिया, योग्यताको व्यवस्था गर्ने उद्देश्य राख्दछ । राजर्षिजनक विश्वविद्यालयको सहायक डीन नियुक्ति गर्ने प्रयोजनका लागि रा.ज.वि. संगठन संरचना तथा व्यवस्थापन नियमावली, २०७५ को परिच्छेद -१४ को दफा १०२ को (२) बमोजिमको कार्यकालागि उम्मेदवार छनौट तथा सिफारिस सम्बन्धि कार्यलाई व्यवस्थित गर्न वान्छनीय भएकोले, राजर्षिजनक विश्वविद्यालयको सहायक डीन नियुक्तिको लागि कार्यकारी परिषद समक्ष सिफारिस पेश गर्न देहायको कार्यविधि बनाई लागु गरीएकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " राजर्षिजनक विश्वविद्यालयको सहायक डीन नियुक्तिको लागि सिफारिस सम्वन्धि कार्यविधि, २०८१ " रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा** :

(क) उम्मेदवार भन्नाले राजर्षिजनक विश्वविद्यालयको सहायक डीन नियुक्तिको लागि दरखास्त स्वीकृत भएका उम्मेदवार सम्झनु पर्छ ।

(ख) समिति भन्नाले राजर्षिजनक विश्वविद्यालयको सहायक डीन नियुक्तिको लागि सिफारिस गर्न गठित सिफारिस समिति सम्झनु पर्छ ।

**३.न्युनतम योग्यता :** सहायक डीन नियुक्तिको लागि उम्मेदवारको न्युनतम योग्यता देहाय वमोजिम हुनेछ :ञ

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा माग गरीएको बिषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षाको क्षेत्रमा सह प्राध्यापक, उप प्राध्यापक वा सहायक पदमा रही काम गरेको,

(ग) विश्वविद्यालयको सहायक डीन, विभागको प्रमुख, कार्यक्रम संयोजक, विषय समिति अध्यक्ष जस्ता व्यवस्थापकीय तथा शैक्षिक प्रशासन सम्बद्ध पद मध्ये कुनै एक पदमा कम्तिमा एक वर्ष काम गरेको,

(घ) नेपाली नागरिक भएको ।

**४. सिफारिसका अधार तथा मापदण्ड**

**१) शैक्षिक उपाधि, अनुभव, योजना तथा प्रतिवद्धता**

(क) मान्यताप्राप्त विश्वविद्यालयवाट संकायसँग सम्वद्ध कुनै विषयमा स्नातकोत्तर, विद्यावारिधि ( पिएचडी) (चिकित्साशास्त्र  तर्फ एमडी, एफआरसिएस र समान योग्यता समेत)

(ख) मान्यताप्राप्त विश्वविद्यालयमा कम्तीमा २ वर्षको स्थायी पूर्णकालीन अनुभवप्राप्त सहप्राध्यापक ,उपप्राध्यापक वा सहायक प्राध्यापक

(ग) संकायका तोकिए वमोजिमका प्राज्ञिक, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सञ्चालन कार्यक्षमता प्रदर्शन गर्ने दक्षता र अनुभवको प्रमाणित आधारहरू (तालिम, अनुभवार्जन अध्ययन भ्रमण, नेतृत्व विकास प्रशिक्षण तथा अभ्यास अध्ययन आदि)

(घ) अनुसन्धान, प्रकाशन, स्नातकोत्तर तथा विद्यावारिधि शोधकार्य निर्देशन

(ङ) पाठ्यक्रम निर्माण, परीक्षा मूल्याङ्कन र अनुगमनसम्बन्धी प्रयोगात्मक सीप र अनुभव

(च) विश्वविद्यालयका सम्वन्धित संकायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्वन्धित व्यक्ति र परिवारको लगानी नभएको/नगरेको,

(छ) कुनै पनि राजनीतिक दलको सदस्यता नभएको

(ज) शैक्षिक प्रशासन वा प्राज्ञिक पदमा कार्य अनुभव

**२) उम्मेद्वार हुन नपाउने**

(क) कुनै किसिमको भ्रष्टाचार तथा भ्रष्टआचरणसँग संलग्न रही नैतिकतामा प्रश्न उठेको।

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य रहेको तथा विश्वविद्यालयसँग कुनै संस्थागत स्वार्थ बाझिएको ।

**३) उम्मेद्वार हुन आवेदनका साथ पेशगर्नुपर्ने कागजातहरू**

(क) व्यक्तिगत विवरण

(ख) कुनै उच्च शैक्षिक संस्थामा काम गरेको सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापकको नियुक्ति खुल्ने प्रमाणित कागजात ।

(ग) तोकिएबमोजिम स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तकहरू सम्बन्धी प्रमाणित सामग्रीहरू ।

(घ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाहरूको नेतृत्व तथा राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्य एवं संझौता सम्बन्धी अनुभवको कागजात,

(ङ) पाठ्यक्रम निर्माण, परीक्षा मूल्याङ्कन र अनुगमनसम्बन्धी अनुभव,

(च) आफूले प्राज्ञिक क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा समावेश गर्ने

(छ) सम्वन्धित संकायको सहायक डीनका हैसियतले संकायको उन्नयन तथा उत्थान गर्ने सम्वन्धमा २,००० शब्दको विश्वविद्यालयको रणनीतिक योजना कार्यान्वयन सम्वन्धी कार्य योजना,

(ज) कुनै पनि राजनीतिलाई दलको सदस्यता नभएको स्वघोषणा ।

**४) छनोट तथा सिफारिस सम्वन्धी आधार तथा गणना**

छनोटका लागि हरेक आधारमा तोकिएको अंक अधिकतम अंक हुनेछ र कूल पूर्णाङ्क १०० मा मूल्याङ्कन हुनेछ। गणना गर्दा अधिकतम अंक भन्दा बढी भएमा अधिकतम पूर्णाङ्क कायम हुनेछ ।

| आधार | पूर्णाङ्क | गणना विधि | कैफियत |
|---|---|---|---|
| (क) प्रशासनिक अनुभव | १० | • सहायक डीन, क्याम्पस प्रमुख, विभागीय प्रमुख, स्कुलका निर्देशक वा सोसरह प्रतिवर्ष ०.७५<br>• सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक वा सोसरह ०.५ | |
| (ख) प्राज्ञिक अनुभव | २० | • सहप्राध्यापक प्रतिवर्ष ५<br>• उपप्राध्यापक ४<br>• सहायक प्राध्यापक ३ | एक वर्ष भन्दा बढी भएको सेवा अवधिलाई मात्र अंक प्रदान गरिनेछ। |
| (ग) अनुसन्धानसम्वन्धी लेख, प्रविधि, अनुसन्धानमूलक पुस्तक | १५ | • समकक्षी पुनरावलोकित अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरीकृत जर्नल, प्रविधि विकास<br>• अन्तर्राष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमशः ५, ४, ३, २ का दरले (SciMago जर्नलको स्तर अनुसार)<br>• First Author, Corresponding Author र अरु Author भएमा क्रमशः तोकिएवमोजिमको पूर्णाङ्कको १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अंक प्रदान गरिनेछ ।<br>• राष्ट्रिय स्तरीकृत जर्नलमा प्रकाशित अनुसन्धान कृतिको हकमा समितिले तोकेको विज्ञहरूबाट मूल्यांकन गरी प्राप्त हुनआएको अंक (प्रतिलेख बढीमा २ अंक)<br>• Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper २ का दरले (बढीमा ५)<br>• Review Papers (राष्ट्रिय) प्रति Paper १ का दरले ( बढीमा ५)<br>• अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ का दरले ( बढीमा २ प्रति । PI भएमा पूर्णाङ्क र Co–PI भएमा पूर्णाङ्कको आधा अंक प्रदान गरिनेछ ।<br>• राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन २.५ का दरले (बढीमा ४)<br>• अनुसन्धानमूलक पुस्तक प्रतिपुस्तक २ का दरले बढीमा ४ अंक | |
| (घ) शोध निर्देशन | ५ | • स्नातकोत्तर प्रति शोध ग्रन्थ १ अंक<br>• एमफिल र पिएच डी, प्रति शोध प्रवन्ध २ अंक | |
| (ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संझौता/सहकार्य/सम्मेलन/नेतृत्व सम्वन्धी तालिम | ५ | • प्रतिराष्ट्रिय तथा अन्तर्राष्ट्रिय संझौता/सहकार्य/सम्मेलन सम्बन्धी अनुभव २ अंकका दरले | |

| | | | |
|---|---|---|---|
| (च) सम्वन्धित सहायक डीनको विश्वविद्यालयको रणनीतिक योजना कार्यान्वयन सम्वन्धी कार्य योजना को कार्यान्वयनको प्रतिबद्धता | २० | ● समितिका सदस्यहरूको मूल्याङ्कन औसत ( न्यूनतम ४० प्रतिशत भन्दा कम र ८० प्रतिशत भन्दा बढी अंक प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ) | समितिवाट तयार पारिएको मूल्याङ्कन आधारमा रही मूल्याङ्कन गरिने |
| (छ) प्रस्तुति र अन्तर्वार्ता | १०+ १५ | ● अन्तर्वार्ता समितिका सदस्यहरूको मूल्याङ्कन औसत (न्यूनतम ४० प्रतिशत भन्दा कम र ८० प्रतिशत भन्दा बढी अंक प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ) | समितिवाट तयार पारिएको मूल्याङ्कन आधारमा रही मूल्याङ्कन गरिने |

### (५) छनौट समिति

सम्बन्धित संकायका डीनको अध्यक्षतामा गठित २ जना प्राध्यापक, सहायक प्राध्यापक वा सहप्राध्यापक सदस्य भएको ३ सदस्यीय समिति रहनेछ। समितिले एक जना कर्मचारीको सहयोग लिन सक्नेछ।

**क .सूचना प्रकाशन गर्ने** : राजर्षिजनक विश्वविद्यालयको सहायक डीन नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

**ख.बैठक सम्बन्धि कार्यविधि :**

(१) समितिको बैठकको अध्यक्षता अध्यक्ष स्वयंले गर्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक गणपूरक संख्याको लागि समितिको अध्यक्ष र कम्तिमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा अध्यक्ष सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ।

(५) समितिको निर्णय अध्यक्षको हस्ताक्षर पछी प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**(६) सिफारिससम्बन्धी व्यवस्था**

(क) कार्यविधिको ४ को खण्ड (क) देखि (च) सम्मका आधारहरूमा प्राप्त अंकको आधारमा सर्वोत्तम अंक प्राप्त गर्ने १ आवश्यक संख्याको लागि ३ जनाको नाम सहायक डीन पदमा कार्यकारी परिषद समक्ष डीनल सिफारिस गरिनेछ।

(ख) प्रत्येक संकायको सहायक डीन पदमा आवेदन गर्ने उम्मेद्वारहरू मध्ये कार्यविधिको ४ को खण्ड (क) देखि ( च) सम्मको आधारमा प्राप्त हुने कूल अंकमा उच्चतम अंक प्राप्त गर्ने ५ जना सम्मलाई मात्र अन्तर्वार्ताका लागि छनोट गरिनेछ।

(ग) कार्यविधिको ४ को खण्ड (क) देखि (च) सम्मको अंक गणनाअनुसार उम्मेद्वार सिफारिस गर्न प्राप्ताङ्क बराबर भएमा ४ को खण्ड (च) मा बढी अंक प्राप्त गर्ने उम्मेद्वारलाई प्राथमिकता दिईने छ।